# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड१०) जनकपुरधाम, नेपाल, साउन ०७ गते, २०८३ साल (संख्या१

भाग २

मधेश प्रदेश सरकार

गृह,सञ्चार तथा कानुन मन्त्रालय

## प्रदेश सञ्चार (तेस्रो संशोधन) नियमावली,२०८३

प्रदेश सञ्चार नियमावली,२०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रदेश सञ्चार सम्बन्धी ऐन,२०७७ को

दफा ७० ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस नियमावलीको नाम **"प्रदेश सञ्चार (तेस्रो संशोधन) नियमावली, २०८३"** रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मुल नियमावलीको नियम १२ मा संशोधनः** मुल नियमको नियम १२ को उपनियम (१) सट्टा देहायको उपनियम १ राखिएका छन।

"(१) ऐनको दफा १९ बमोजिम पत्र पत्रिकाको अभिलेख तथा सुचिकृत प्रयोजनका लागी प्राधिकरणको प्रशासकिय प्रमुख समक्ष अनुसुचि २ बमोजिमको ढाँचामा अनुसुचि ३ बमोजिमको दस्तुर सहित निवेदन दिनु पर्ने छ"।

३. **मुल नियमावलीको नियम १५ मा संशोधनः** मुल नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएका छन ।

"(क) घरेलु तथा साना उद्योग/कम्पनी/प्राईभेट फर्म/साझेदारी दर्ता प्रमाण पत्र र अद्यावधिक विवरण"।

४. **मुल नियमावलीको नियम १६ को उपनियम (१) मा संशोधनः** मुल नियमावलीको नियम १६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएका छन ।

"ऐन तथा यस नियमावली बमोजिम दर्ता र अभिलेखिकरण/सुचिकृत भएका पत्रपत्रिका, रेडियो र टिभी र अनलाईन सञ्चार माध्यमले आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र नवीकरणका लागि कर चुक्ता प्रमाणपत्र तथा मु.अ.क.मा दर्ता भएको हकमा लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी संगै राखि पत्रपत्रिका, रेडियो र टिभीका लागि अनुसुची-२ र अनलाईन सञ्चार माध्यमका लागि अनुसुची-६ बमोजिमको ढाँचामा पत्रपत्रिका तथा अनलाईन सञ्चार माध्यमको लागि अनुसची-३ बमोजिम तथा रेडियो, टिभीको लागि प्रदेश कानून निर्माण नभए सम्म

संघीय कानून बमोजिमको दस्तुर सहित निवेदन दिनुपर्ने छ"।

५. **मुल नियमावलीको नियम १६ को उपनियम ३ मा संशोधनः** मुल नियमावलीको नियम १६ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएका छन।,

"उपनियम (१) बमोजिम नवीकरण नगराएमा ६ महिना सम्म लाग्ने दस्तुरको दोब्बर, तत पश्चात एक वर्ष सम्म तीनगुणा तत पश्चात प्रत्येक वर्ष बार्षिक नवीकरण दस्तुरको पाँचगुणा विलम्ब शुल्क लिई नवीकरण गर्न सकिने छ"।

६. **मुल नियमावलीको नियम १६ को उपनियम ३ मा संशोधनः** मुल नियमावलीको नियम १६ को उपनियम ३ पछि देहायको उपनियम ३(क) थपिएको छ।

"३(क) कुनै सञ्चार माध्यमले प्रदेश सञ्चार ऐन, नियम र आचारसंहिताको उल्लंघन हुने गरि काम कारवाही गरेको सम्बन्धमा आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिलले कारवाही

गरेमा नवीकरण रोक्का गर्न सकिने छ”।

७. **<u>मुल नियमावलीको नियम १६ को उपनियम ४ मा संशोधनः</u>** मुल नियमावलीको नियम १६ को उपनियम ४ खारेज गरिएका छन।

८. **<u>मुल नियमावलीको नियम ३८ मा संशोधनः-</u>** मुल नियमावलीको नियम ३८ हटाईएको छ।

**स्वीकृत मितिः २०८३/०३/३१**

**आज्ञाले**
**डा.बिन्देश्वर प्रसाद लेखक**
**प्रदेश सचिव**
**गृह, सञ्चार तथा कानुन मन्त्रालय**
**मधेश प्रदेश**